नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

प.स.: यो.अ. २०७६/७७ मिति : २०७७।०८।०३

च.नं. : १०४

विषय : कक्षा १२ को परीक्षा सञ्चालन सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाइ

(सबै)

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय (विद्यालय शिक्षा शाखा) को च. नं. १२६ मिति २०७७।०७।२० को पत्रबाट " माध्यमिक शिक्षा उत्तीर्ण (कक्षा १२) को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले मिति २०७७।०८।०९ देखि ऐ. १६ गतेसम्म सञ्चालन हुने गरी परीक्षा तालिका प्रकाशित भएकाले सो परीक्षा सञ्चालन तथा व्यवस्थापनमा देहाय बमोजिम सहजीकरण हुन शिक्षा विकास तथा इकाइहरुलाई निर्देशन दिन र त्यसको कार्यान्वयनको अनुगमन त्यहाँ केन्द्रबाट गर्ने गराउने व्यवस्था गर्ने भनी मिति २०७७।०७।१९ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएकाले निर्णयानुसार गर्न गराउनु हुन भनी " लेखी आएकाले देहाय अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ ।

क) मिति २०७७।०८।०९ गते देखि ऐ. १६ गते सञ्चालन हुने कक्षा १२ को बार्षिक परीक्षाका लागि राष्ट्रिय परीक्षा बोर्डद्वारा उपलब्ध गराइने उत्तरपुस्तिका र प्रश्नपत्र व्यवस्थापन एवम् सुरक्षाका लागि सम्बन्धित विद्यालय र बोर्डका कार्यालय बीच समन्वय गरी परीक्षा सञ्चालनको व्यवस्था मिलाउने ।

ख) परीक्षाको निरीक्षण र अनुगमन गरी गराई राष्ट्रिय परीक्षा बोर्डमा प्रतिवेदन पठाउने ।

ग) परीक्षाका उत्तरपुस्तिका परीक्षणमा सम्बन्धित विद्यालयहरुलाई आवश्यक सहयोग गर्ने ।

घ) परीक्षा सञ्चालन पूर्व बोर्डद्वारा विद्यालय (परीक्षा केन्द्र) का प्राचार्य र परीक्षा लिने कर्मचारीलाई दिइने Virtual प्रबोधीकरण कार्यक्रममा सहभागी भई तहाँबाट प्राप्त भएका जानकारी र निर्देशन बमोजिम परीक्षा सञ्चालनमा सहजीकरण गर्ने ।

०७७।०८।०२

रामचन्द्र शर्मा

शाखा अधिकृत

**बोधार्थ**

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
(विद्यालय शिक्षा शाखा)
सिंहदरबार, काठमाडौं
श्री राष्ट्रिय परीक्षा बोर्ड
सानोठिमी, भक्तपुर